# स्थानीय राजपत्र

## तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड (२) तिनाउ गाउँपालिका दोभान, पाल्पा कार्तिक १० गते २०७५ साल**

**भाग २**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम तिनाउ गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संबत २०७५ सालको कार्यविधि नं.९**

**गाउँ विकास कोष (स्थापना र संचालन) विनियमावली २०७५**

## प्रस्तावना :

जिल्ला समन्वय समिति स्थानीय विकास कोष समिति मार्फत संचालनमा रहेको गाउँ विकास कार्यक्रम तथा सो अन्तर्गत रहेको कोष जिल्ला समन्वय समितिले हस्तान्तरण गरी यस तिनाउ गाउँपालिका प्राप्त भएकोमा गरिवी न्यूनिकरणको लागि सहुलियत दरमा ऋण प्रवाह गरी स्थानीय समुदायहरुलाई आय आर्जन तर्फ उन्मूख गराउन स्थानीय सरकार संचालन ऐन २०७४ को नियम १०२ ले दिएको अधिकार प्रयोग गरी तिनाउ गाउँ कार्यपालिकाको कार्यालय पाल्पाले यो विनियमावली तयार गरेको छ ।

## भाग-१
## संक्षिप्त नाम तथा प्रारम्भ :

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

१) यो विनियमावलीको नाम गाउँ विकास कोष (स्थापना र संचालन) विनियमावली २०७५ रहेको छ ।

२) यो विनियमावली गाउँ कार्यपालिकाको बैठकले निर्णय गरे पश्चात प्रारम्भ भएको हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

ख) "विनियमावली" भन्नाले गाउं विकास कोष विनियमावलीलाई सम्झनु पर्दछ ।

ग) "कोष" भन्नाले विनियमावली बमोजिम स्थापना तथा संचालन हुने कोषको रकमलाई सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले कोषको व्यवस्थापन र संचालन गर्न विनियमावली बमोजिम गठित संचालक समिति सम्झनु पर्दछ ।

ङ) "अध्यक्ष" भन्नाले कोष व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्दछ ।

च) “सदस्य” भन्नाले कोष व्यवस्थापन समितिका सदस्य सम्झनु पर्दछ र सो शब्दले समितिका अध्यक्ष समेतलाई जनाउंदछ ।

छ) “सदस्य सचिव” भन्नाले विनियमावली बमोजिम सदस्य सचिवको काम गर्ने गरी तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ज) “सामुदायिक संस्था” भन्नाले सामाजिक तथा आर्थिक विकासका लागि सामाजिक परिचालनको माध्यमबाट बस्ती स्तरमा महिला तथा पुरुष समूहहरु छुट्टाछुट्टै वा मिश्रित रुपमा आवद्ध भएको समूहलाई सम्झनु पर्दछ । यसले समूह समूह आपसमा मिली गठन भएको संघ वा संगठनलाई समेत जनाउनेछ ।

## भाग-२
## कोषको स्थापना र संचालन

२. कोषको स्थापना र संचालन :

क) गाउँ विकास कोषको नामबाट तिनाउ गाउँपालिकामा एक कोषको स्थापना हुनेछ ।

ख) उपविनियम (क) बमोजिम स्थापना भएको कोषमा देहाय बमोजिमका रकम हुनेछन् ।

१) जिल्ला समन्वय समिति स्थानीय विकास कोष समितिद्धारा उपलव्ध गराएको रकम, गाउँपालिकाद्वारा बार्षिक रुपमा उपलव्ध गराउने रकम तथा अन्य विभिन्न श्रोतवाट प्राप्त अनुदान रकम ।

२) विदेशी मित्रराष्ट्र, द्विपक्षीय र बहुपक्षीय दातृ संस्था, अन्तरसरकारी संगठन, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था वा व्यक्तिबाट प्राप्त अनुदान तथा ऋण रकम ।

३) समपुरक कोष (म्याचिङ्ग फण्ड) को रुपमा विभिन्न निकायवाट प्राप्त हुने रकम ।

४) कोषले आफ्नो रकम लगानी गरे बापत प्राप्त ब्याज, सेवा शुल्क र हर्जाना रकम ।

५) कोषले नेपाल सरकार, जिल्ला समन्वय समिति, अन्य कोष, बैंक,

वित्तिय संस्था वा ऋण प्रदान गर्ने अन्य संघ संस्थाबाट लिएको ऋण तथा सापटी (तर यस प्रकारको ऋण वा सापटी लिन परेको अवस्थामा गाउँ सभाद्धारा स्वीकृति भएको हुनुपर्नेछ ।

६) सामुदायिक संस्थाहरुले लगानीको रुपमा जम्मा गर्न ल्याएको बचत रकम तथा अन्य स्रोतबाट प्राप्त रकम

७) गाउँ विकास कोष समितिको रकम समितिले निर्णय गरेको कुनै पनि बैंकमा खाता खोली राख्नेछ ।

९) कोषको खाता वडा कार्यालय सचिव तथा सामाजिक परिचालकको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

१०) कोषले वडा तहमा आफ्नो कार्यक्षेत्र विस्तार गर्न सक्नेछ ।

११) कोषको काम कारवाहीको लागि आफ्नो अलग्गै छाप हुनेछ ।

१२) गाउँ विकास कोषको सचिवालय तिनाउ गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ ।

ग) गाउँ विकास कार्यक्रमको संचालन तथा व्यवस्थापन खर्चहरु कोष परिचालनबाट प्राप्त हुने ब्याज नेपाल सरकार, दातृ संस्था तथा गाउँपालिकाको अनुदान रकमबाट ब्यहोरिनेछ ।

घ) नेपाल सरकार तथा प्रदेश सरकारले गरिबी निवारणका लागि यस कोष मार्फत शर्त सहित, शर्त रहित र प्राथमिकता क्षेत्र भित्र माग अनुसार संचालन हुने कार्यक्रमका लागि रकम उपलब्ध गराउन सक्नेछ ।

**४. संचालक समितिको गठन :**

क) कोषको संचालन र व्यवस्थापनको लागि देहाय बमोजिका सदस्य रहेको एक संचालक समिति गठन हुनेछ

१) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

२) गाउँपालिकाको उपाध्यक्ष- सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४) गाउँ विकास कार्यकम संचालन भएको वडाका वडा अध्यक्ष २ - सदस्य

५)	गाउँ विकास कार्यक्रम संचालन भएको वडाका वडा सचिव २ - सदस्य

६)	गाउँपालिका स्थित विषयगत शाखाहरु मध्ये २ प्रतिनिधि (कृषि तथा पशुसेवा)- सदस्य

७)	गाँउपालिकाका लेखा शाखाका प्रतिनिधि –  सदस्य

८)	सामाजिक परिचालक वडा नं १ - सदस्य

९)	गाउँ विकास कोष संचालन तथा व्यवस्थापनको काम गर्ने जिम्मेवारी पाएका गाउँ कार्यपालिकाको कार्यालयका सामाजिक परिचालक वडा नं २- सदस्य सचिव

ख)	गाउँ विकास कोष मार्फत कार्यक्रम संचालन गर्न कार्यक्रमसंग सम्बन्धित अन्य व्यक्तिहरुलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न गरिनेछ ।

ग)	गाउँ विकास कोष मार्फत कार्यक्रम संचालन गर्ने कार्यक्रमसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको जिल्ला स्थित प्रतिनिधि तथा विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ तर त्यस्तो सदस्यलाई बैठकमा मतदान गर्ने अधिकार हुने छैन ।

घ)	गाउँ विकास कोष समितिको सम्पूर्ण निर्णय कार्यान्वयन गर्न र निर्णय कार्यान्वयन गर्नको लागि सघाउन पर्ने विषय भएमा सो क्षेत्रको विषयगत विज्ञलाई परामर्शदाताको रुपमा छनौट गरी आवश्क सहयोग लिन सक्नेछ ।

**५.	समितिका सदस्यहरुको पदावधि :**

(क)	विनियम ४ को उप-विनियम (क) बमोजिम छानिएका पदाधिकारीहरुको पदावधि आफू छानिएको मितिले बढीमा ५ वर्षको हुनेछ ।

(ख)	समितिका सदस्यहरु पुनः छनौट हुन र हेरफेर हुन यस विनियमले बाधा पुऱ्याएको मानिने छैन । समितिको सदस्यको रुपमा रहेका विषयगत शाखा वा अन्य सदस्यलाई हटाउन वा परिवर्तन गर्नुपर्ने भएका समितिका सदस्य सचिवले अध्यक्ष समक्ष कारण सहित

लिखित रुपमा पेश गरी गाउँपालिकामा छलफल पश्चात गाउँ विकास कोष समितिलाई लिखित रुपमा जानकारी दिई हटाउन वा परिर्वतन गर्न सकिनेछ ।

(ग) समितिका सदस्यले स्वेच्छाले पदत्याग गर्न चाहेमा समिति मार्फत लिखित रुपमा आफ्नो राजिनामा प्रस्तुत गर्नेछन् । त्यस्तो राजिनामा समितिबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ । कोषका सदस्यहरु आफूले प्रतिनिधित्व गरेको निकायको पदमा नरहेमा समितिबाट स्वतः हट्ने छन् ।

(ङ) पदावधि बाँकी छदैं कुनै सदस्यको स्थान रिक्त हुन आएमा त्यस्तो रिक्त स्थानको पूर्ति बाँकी अवधिको लागि हुनेछ , तर तीन महिना भन्दा कम अवधिको लागि रिक्त पदपूर्ति गर्नु अनिवार्य हुने छैन ।

## भाग ३
## समितिको बैठक र बैठक भत्ता :

**३. समितिको बैठक र बैठक भत्ता :**

(क) समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ तर आवश्यकताको आधारमा बस्न यस बिनियमावलीले बाधा पार्ने छैन ।

(ख) समितिको बैठक समितिको सचिवालयमा अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

(ग) समितिको बैठक अध्यक्षले बोलाउने छन् ,तर देहायको अवस्थामा भने सदस्य सचिवले समितिको बैठक बोलाउन सक्नेछन् :

(१) अध्यक्षले बैठक बोलाउन निर्देशन दिएमा,

(२) चार वा चार भन्दा बढी महिनासम्म समितिको बैंठक नबसेको अवस्थामा समितिका कुनै तीन जना सदस्यले बैठक बोलाउन लिखित रुपमा माग गरेमा,

(घ) समितिको बैठक बस्ने सूचना बैठक बस्ने मिति भन्दा कम्तीमा ७ दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ । त्यस्तो सूचनामा बैठकमा छलफल गरिने विषयहरु समेत समावेश हुनु पर्नेछ । तर निश्चित

मिति तोकी बैठक बस्ने दिन निर्धारण भएकोमा पटक पटक सूचना दिनु आवश्यक पर्ने छैन । विषेश कुनै कारण परी तुरुन्त समितिको बैठक बस्नु पर्ने भएमा अध्यक्षले वा अध्यक्षको आदेशले सदस्य सचिवले १ दिन अगाडि बैठकको कार्यसूची सहितको सूचना दिई बैठक बोलाउन सक्नेछन् ।

(ङ) समितिको निर्णय सदस्यहरुको बहुमतबाट हुनेछ ।

(च) समितिको बैठकमा मत बराबर भई निर्णय हुन नसक्ने अवस्था देखिएमा अध्यक्षले निर्णायक मत दिनेछन्

(छ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा गाउँपालिकाका उपाध्यक्षले सो बैठकको अध्यक्षता गर्नेछन् ।

(ज) गाउँपालिकाको अध्यक्षको निर्वाचन नभएको अवस्थामा त्यस्तो निर्वाचन नभए सम्मको लागि समितिमा तत्काल कायम रहेका सदस्यहरुमध्येबाट छानिएको सदस्यले समितिको अध्यक्षको हैसियतले कार्य गर्नेछन् ।

(झ) समितिले कुनै व्यक्ति, पदाधिकारी तथा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ, तर त्यस्तो आमन्त्रित व्यक्ति वा आमन्त्रित सदस्यलाई बैठकमा मतदान गर्ने अधिकार हुनेछैन ।

(ञ) आफू सम्बन्धित भएको विषय एवं आफू सदस्य तथा कर्मचारी रहेको संगठनसँग सम्बन्धित विषयमा छलफल हुँदा कुनै पनि सदस्यले समितिको बैठकमा भाग लिन तथा मतदान गर्न पाउने छैनन् ।

(ट) बैठकमा भएका छलफल तथा निर्णयलाई सदस्य सचिवले निर्णय पुस्तिकामा अभिलिखित गरी बैठकको अध्यक्षबाट प्रमाणित गराउने छन् ।

(ठ) बैठक सञ्चालन सम्बन्धि अन्य कार्यबिधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ड) समितिको बैठकमा भाग लिए वापत समितिका सदस्यले गाउँपालिकाका

सदस्यले पाए सरह बैठक भत्ता पाउने छन् । यस्तो भत्ता दिनको लागि कोष आफै सक्षम भई भत्ताको लागि आवश्यक रकमको व्यवस्था गर्नेछ।

(ढ) कोषका सदस्यहरु व्यक्तिगत र सामुहिक रुपमा गाउँपालिका प्रति जवाफदेही हुनेछन् ।

(ण) समितिको महत्वपूर्ण निर्णयहरु तथा आय व्यय बिवरण सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिनेछ

## भाग-४

## कोषको कार्य :

**४.कोषको कार्य :**

कोषले गर्ने कार्यहरु देहाय बमोजिम हुनेछन् :

(क) कोषले साविकमा जिल्ला समन्वय समितिबाट यस तिनाउ गाउँपालिकाका वडा नं. १ र २ (साविकको दोभान र कचल गा.वि.स.) मा संचालित कार्यक्रमलाई निरन्तरता दिई कार्यक्रम संचालन गर्नेछ र कार्यक्रम संचालन यस बिनियमावली बमोजिम हुनेछ ।

(ख) गाउँ विकास कोष समितिले गाउँ विकास कार्यक्रम संचालनको लागि वडा तहमा वडा स्तरिय समिति (घुम्तिकोष परिचालन तथा व्यबस्थापन समिति, सामुदायिक विकास कोष समिति/वडा स्तरिय मुल समिति) गठनगरि वडा तहमा कार्यक्रम संचालन गर्नेछ र साविकमा गठन समितिलाई निरन्तरता दिनेछ

(१) वडा क्षेत्रका विभिन्न बस्ती तहमा, सामुदायिक संस्था गठन गर्न स्थानीय समुदायलाई सहयोग गर्ने;

(ख) उपनियम (१) बमोजिम गठन हुने सामुदायिक संस्थाले देहाय बमोजिमका समूह बनाउन सहयोग पुऱ्याउने :

(१) पुरुष समूह,

(२) महिला समूह,

(३) पुरुष र महिला मिश्रित समूह ।

(४) समुह गठन बस्ती स्तर तथा वडा स्तरमा  गर्न सकिने छ र बस्ती स्तर तथा वडा स्तरमा भेला गरि एक घर एक सदस्य रहने गरि बढीमा ५० जनासम्म सदस्य रहेको समूह गठन गर्न सकिने छ ।

(ग) बचतबाट पूँजी संकलन तथा परिचालन गर्न सामुदायिक संस्थालाई सहयोग गर्ने;

(घ) ग्रामीण जनतामा उद्यम विकास गर्न तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराउने;

(ङ) कृषि तथा गैरकृषि क्षेत्रमा उद्यम विकास कार्यक्रम संचालन गर्न ऋृण पुँजी उपलब्ध गराउने;

(च) उत्पादनशील कार्यक्रम संचालन गर्ने कार्यमा संस्थागत तथा मानव क्षमता अभिबृद्धि गराउन सहयोग गर्ने;

(छ) सामाजिक आर्थिक र वातावरणीय समस्यालाई दृष्टिगत गर्दै एकीकृत गाउँ विकास योजना लागु गर्न सहयोग गर्ने ।

ज) गरीबी निवारण कार्यमा सामुदायिक संस्थाहरुको क्षमता अभिबृद्धि गर्नमा सहयोग गरी त्यस्ता संस्थालाई गरिवी निवारण कार्यक्रममा क्रियाशिल गराउने,

(ज) सामुदायिक संस्थाका क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(झ) उप-विनियम (ख) बमोजिम गठन भएका संस्थालाई सामाजिक परिचालन गर्न आवश्यक सहयोग पु¥याउने,

(ञ) स्वसाशित सामुदायिक संस्थाको अवधारणा अनुरुप मानव संसाधन विकास गर्न आवश्यक कार्य गर्ने, गराउने,

(ट) सामुदायिक संस्थाको प्रशासनिक र व्यवस्थापकीय क्षमता विकासमा सहयोग गर्ने र त्यस्ता संस्थाको काम कारवाहीमा पारदर्शीता ल्याउन सहयोग गर्ने ।

(ठ) सामुदायिक सदस्यहरुको आर्थिक स्थितिमा सुधार ल्याउनको लागि बिभिन्न नयाँ नयाँ प्रविधिहरुको खोजी गरी उक्त प्रबिधि सदस्यहरु माझ पु¥याउने र उत्पादनमुखी भौतिक पूर्वाधार (बिउपुंजी) का

योजनाहरु मागमा आधारित रहेर कार्यक्रम संचालित स्थलसम्म पुऱ्याउने वा पुऱ्याउन सहयोग गर्ने ।

ण) गाउँ विकास कोष समितिले सामुदायिक विकास कोष समितिलाई घुम्तीकोष उपलब्ध गराउने सम्बन्धमा परिपक्कताका योग्यता र शर्तहरु तोक्न सक्नेछ । ती योग्यता तथा शर्तहरु देहाय बमोजिम हुन सक्नेछन् :-

(१) सामुदायिक संस्था आफ्नो क्षेत्रको गाउँपालिका वा वडा समितिसँग आवद्ध भएको र गाउँ विकास कोषमा दर्ता भएको हुनुपर्ने;

(२) सामुदायिक संस्थाले नियमित रुपमा आफ्नो बैठक गरेको र प्रत्येक बैठकमा कम्तिमा ८० प्रतिशत सदस्यहरुले भाग लिएको हुनुपर्ने;

(३) सामुदायिक संस्थाले बचत तथा ऋण कार्यक्रम शुरु गरेको एवं निर्णय गरेको प्रकृयामा पारदर्शिता भएको हुनुपर्ने;

(४) ऋण प्रवाहको लागि सामुदायिक संस्थाले आफ्नै बचत प्रयोग गरेको एवं हिसाव तथा अभिलेख प्रणाली व्यवस्थित रुपमा अपनाएको हुनुपर्ने,

(५) सामुदायिक संस्थाको आफ्नो बचतले मात्रै सदस्यलाई ऋण प्रवाह गर्न अपुग भएको हुनुपर्ने,

(६) बैठकमा प्रस्तुत हुने प्रत्येक विषय माथि छलफल गरी निर्णय प्रकृया सर्वसम्मत ढंगले भएको हुनुपर्ने,

(७) सामुदायिक संस्थाले आपसी सरसल्लाहबाट कार्यक्रम, योजना तर्जुमा गरेको हुनुपर्ने,

(८) सामुदायिक संस्थाका सदस्यहरु एकजूट भएर आफ्नो संस्थालाई तथा बस्तीलाई फाइदा हुने कुनै नमूना काम गरेको हुनुपर्ने,

(९) सामुदायिक संस्थाहरुले सहभागितामा आधारित योजना तर्जुमा तथा मूल्यांकन प्रणाली अपनाएको हुनुपर्ने,

(१०) सामुदायिक संस्थाले आफ्नो सदस्यहरुको गरिबी बर्गीकरण गरी अभिलेख राखेको हुनु पर्ने

(११) सामुदायिक संस्थाहरुले आफ्नो विकासको दीर्घकालीन सोच बनाएको

हुनुपर्ने ।

(ड) सामुदायिक संस्थाले आफ्ना सदस्यलाई सहयोग उपलब्ध गराउने न्यूनतम आधारहरु कोषले निर्धारण गर्नेछ । कोषले सामुदायिक संस्थालाई ऋणपुँजीको रकम ब्याज र सेवा शुल्क लिने गरी ऋणको रुपमा प्रदान गर्नेछ । ऋणपुँजी निकाशा तथा त्यसलाई असूल उपर गर्ने सम्बन्धि शर्तहरु कोष र सामुदायिक संस्था बिच सम्पन्न हुने सम्भौतामा उल्लेख भए बमोजिम हुनुपर्ने छ ।

(ढ) गाउँ विकास कोषले सामुदायिक संस्थालाई आपसी सम्भौताको आधारमा अन्य सेवा सुविधा उपलब्ध गराउन सक्नेछ । यस्ता सेवा सुविधाहरु आफ्ना कर्मचारी मार्फत वा सम्बन्धित वडाद्वारा वा तालिम केन्द्र वा परामर्शदाता वा कम्पनी वा गैरसरकारी संस्था वा निजी फर्म वा व्यक्ति विशेष तथा अन्य उपयुक्त संस्थाहरु मार्फत उपलब्ध गराउन सकिनेछ ।

(ण) कोषले सामुदायिक विकास कोष तथा समितिलाई अधिकतम १२% (१२प्रतिशत) बार्षिक ब्याज दर कायम गरी ऋणपूँजी कोषमा लगानी गर्न सक्नेछ । सामुदायिक संस्थाले कोषबाट लिएको ऋण आफ्ना सदस्यलाई संस्थाको सामुहिक जिम्मेवारीमा प्रवाह गर्नेछ । सामुदायिक संस्थाले ऋणको अधिकतम ब्याज १२% (१२ प्रतिशत) रकममा नबढ्ने गरी कोषलाई बुभाउने छ ,साथै ब्याजदर पछि परिवर्तन गर्न परेको अबस्थामा समितिको निर्णयबाट गर्न सकिने छ ।

(त) उप-विनियम (थ) बमोजिम कोषबाट लिएको ऋण सामुदायिक संस्थाले आफ्नो सदस्यहरुमा आफ्नै प्रचलित नियम तथा निश्चित ब्याजदरमा लगानी गर्नेछ । यसरी लगानी गर्दा कोषबाट लिएको ब्याजदरमा बढीमा ८% भन्दा बढी ब्याजदर असुली गर्ने गरी लगानी गर्न पाईने छैन । उप-विनियम (थ) बमोजिम असूल उपर गरिने ब्याज मध्येबाट सामुदायिक संस्थाले आफुले निर्णय गरेको प्रतिशत रकम सामुदायिक संस्थामा ऋण लगानी र असूलीमा संलग्न रहेका अध्यक्ष, मेनेजर वा सदस्यको पारिश्रमिक, भत्ता वा प्रोत्साहन स्वरुप

खर्च गर्न सकिनेछ र केही प्रतिशत रकम सामुदायिक संस्थाको बचत एवं संचालन तथा संस्थागत विकास कार्यमा आवश्यकता अनुसार खर्च गर्न सकिने छ ।

(थ) भुक्तानी कार्यक्रम बमोजिम साँवा किस्ता रकम र सोको सेवा शुल्क ब्याज तोकिएको मितिमा चुक्ता नगरेमा सामुदायिक संस्थाले निर्धारित छुट अवधि पछि भाखा नाघेको किस्ता रकमको २% (दुई प्रतिशत) हर्जाना कोषलाई बुझाउनु पर्नेछ । सामुदायिक संस्थाले आफ्नो सदस्यहरुलाई लगानी गरेको रकम भुक्तानी कार्यक्रम बमोजिम साँवा, ब्याज र सेवा शुल्क रकम तोकिएको मितिमा चुक्ता हुन नआएमा निर्धारित छुट अवधि पछि भाखा नाघेको किस्ता रकमको सामुदायिक संस्थाले तोकेको प्रतिशत हर्जाना ऋणीबाट असुल उपर गर्नेछ ।

(द) कोषले उप-विनियम (थ) बमोजिम प्राप्त गरेको ब्याज, सेवा शुल्क र हर्जाना कोषको संचालन खर्च र ऋणपुँजी बृद्धि गर्न प्रयोग गर्नेछ ।

(ध) कोषको रकम हराए वा नासिएमा क्षतिपूर्ति र सुरक्षाको लागि आवश्यक विमा निति तयार गरी लागू गर्न सकिनेछ ।

(न) कोषले आफ्नो संचित रकमबाट अन्य विभिन्न समूह, सामुदायिक संस्था, सहकारी आदिलाई ऋण प्रदान गर्न वा कुनै बाणिज्य बैंक वा वित्तिय संस्थामा लगानी गर्न सक्नेछ ।

(प) कोषले ऋणपुँजी लगानी गरी प्राप्त गरेको ब्याज रकम कोषको संचालन तथा व्यवस्थापन खर्च र सोही रकम ऋणपुँजी रकममा थप गरी ऋणपुँजीको रकम बृद्धि गर्नेछ ।

(फ) यो विनियमावली प्रारम्भ हुनुअघि जिल्ला समन्वय समिति, स्थानीय विकास कोषमा कार्यरत कर्मचारी यसै बिनियमावली बमोजिम भए गरेको मानिने छ ।

## भाग ५

## कर्मचारी सम्बन्धी व्यबस्था

**५. कोषका कर्मचारीको सेवा शर्त सुविधा सम्बन्धि व्यवस्था देहाय**

**बमोजिम हुनेछ ।**

(क) जिल्ला समन्वय समितिबाट खटिई आएका कर्मचारीलाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र तथा जिल्ला समन्वय समिति,स्थानीय विकास कोष समितिको मिति २०७५।४।१५ को बोर्ड बैठकको निर्णय अनुसार निरन्तरता दिदै गाउँपालिकाले कोषको कामका अतिरिक्त गाउँपालिकाको अन्य काममा लगाउन सक्नेछ ।

(ख) यो बिनियमावली प्रारम्भ हुनुअघि जिल्ला समन्वय समिति, स्थानीय विकास कोषमा कार्यरत कर्मचारी यसै बिनियमावली बमोजिम भए गरेको मानिने छ र कर्मचारीको तलब, भत्ता र अन्य सबै सेवा सुविधा स्थानीय तहमा कार्यरत समान तहका नेपाल सरकारका कर्मचारी सरह हुनेछ ।

(ग) स्थानीय विकास कोष समितिको मिति २०७५।४।१५ को बोर्ड बैठकको निर्णय अनुसार स्थानीय विकास कोषबाट रमाना भई आएका कर्मचारीलाई सेवा निवृत्त हुंदा उपलब्ध गराउनु पर्ने उपदान, संचित विदा, औषधी उपचार आदि सेवा सुविधा गाँउ विकास कोषमा प्राप्त भएको मुल कोषको रकम,सो रकम लगानी पश्चात प्राप्त हुने ब्याज तथा गाउँपालिकाबाट बार्षिक रुपमा कोषमा प्राप्त हुने रकमबाट एकमुष्ट उपलब्ध गराईने छ । तलब भत्ता र अन्य सुविधाको हकमा कोष परिचालनबाट प्राप्त ब्याजको बढी ५०%रकम कर्मचारीको तलब भत्तामा खर्च गरिनेछ र बांकी नपुग रकम गा.पा.ले ब्यहोर्नेछ ।

## भाग ६

## गाउँ विकास कोष समितिको काम, कर्तव्य र अधिकार :

**६) १ .समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) कोष संचालन सम्बन्धमा नीति निर्माण गरी स्वीकृतिका लागि गाउँ कार्यपालिका तथा गाउँ सभा समक्ष पेश गर्ने,

(ख) कोषको चालु कार्यक्रम, बजेट तयार गरी गाउँ कार्यपालिकामा पेश

गर्ने तथा स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,

(ग) कोषको कार्य विवरणको त्रैमाासिक तथा बार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकामा समिक्षाको लागि प्रस्तुत गर्ने, तथा कुनै दातृ संस्थाको सहयोगमा संचालित कार्यक्रमको हकमा दातृ संस्थाले माग गरेको अवधिको प्रगति प्रतिवेदन उपलब्ध गराउने ।

(घ) स्वीकृत कार्यक्रम तथा क्रियाकलापहरुको संचालन सम्बन्धि योजना तथा कार्यतालिका तयार गरी स्वीकृत गरी कार्यान्वयन गर्ने/गराउने,



(ङ) सामुदायिक संस्थालाई ऋण प्रदान गर्दा तोकिएका शर्तहरु पूरा भए नभएको अनुगमन र मूल्याङ्कन गर्ने र सुझाव, निर्देशन दिने,

(च) घुम्तिकोष परिचालनको लागि साविक कार्यकम संचालन भएको वडा बाहेक अन्य वडा छनौटको मापदण्ड तयार गरी उक्त मापदण्डको आधारमा वडाको छनोट गरी गाउँपालिकाबाट अनुमोदन समेत गराई घुम्तिकोष परिचालन गर्ने,

छ) कोषको रकम हराए वा नासिएमा सोको क्षतिपूर्ति दिन वा आवश्यक सुरक्षा प्रबन्ध प्रदान गर्ने । “सुरक्षा प्रबन्ध” भन्नाले आवश्यक विमा, क्षतिपूर्ती र अन्य असूली प्रक्रिया समेतलाई जनाउछ ।

(ज) कोषको उद्देश्य अनुरुप काम गर्न अन्य आवश्यक कार्य गर्ने ।

(झ) कोषको वार्षिक लेखापरीक्षण गर्ने, गराउने ।

(ञ) कोषको लेखापरीक्षण प्रतिवेदन गाउँपालिकामा पेश गरी गाउँपालिका मार्फत गाउँ सभामा पेश गरी छलफल गराउने ।

(ट) कोषमा दर्ता हुन आउने सामुदायिक संस्था दर्ता गर्ने ।

६.२) गाउँ विकास कोषको अध्यक्षको काम, कर्तव्य र अधिकार : कोषको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) बैठकको मिति र स्थान निर्धारण गर्ने ।

(ख) गाउँ विकास कोषको संचालक समितिको बैठकको अध्यक्षता गर्ने ।

(ग) गाउँ विकास कोषको अन्य सरकारी, गैरसरकारी तथा वित्तीय संस्था वीच समन्वय गर्ने गराउने ।

(घ) गाउँ विकास कोषको सदस्य सचिबबाट सचिवालय संचालन गराउने
(ङ) कोषको त्रैमासिक तथा बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने गराउने ।
(च) कोषको बार्षिक कार्यक्रम बनाई स्वीकृतिको लागि गाउँपालिकामा पेश गर्ने ।
(छ) कोषको बार्षिक संचालन बजेट तयार गर्ने गराउने र स्वीकृतिको लागि गाउँ विकास कोष समितिमा पेश गर्ने ।
(ज) गाउँपालिका, वडा समिति र सामुदायिक संस्था बिच समन्वयात्मक भुमिका निभाउने ।
(झ) गाउँ विकास कोषको निरन्तरता तथा प्रभावकारी परिचालनको लागि श्रोत जुटाउन विभिन्न निकाय र विभिन्न दातृ संस्थाहरुसंग सम्वन्ध बढाउने र आवश्यक काम कारवाही गर्ने गराउने ।
(ञ) अध्यक्षले कामको सिलसिलामा ७ दिन भन्दा बढी समयको लागि जिल्ला छोडी बाहिर जानु परेमा सोको जानकारी समितिलाई गराउने ।

९

६.३). सदस्य सचिवको काम, कर्तव्य र अधिकार :
१: सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) समितिको निर्देशनमा रही कोषको आर्थिक तथा प्रशासनिक कार्य गर्ने,
(ख) समितिको नीति निर्णयहरु लागू गर्ने,
(ग) कोषको लेखापरिक्षण गराउने र लेखापरिक्षणबाट कायम भएको बेरुजु फछ्र्यौट गराउन आवश्यक कार्यबाही गर्ने, गराउन र समितिको सामान्य निर्देशनमा रही कोषको उद्देश्य परिपूर्ति गर्न अन्य कार्यहरु गर्ने (२) सदस्य सचिवले आफ्नो अधिकारको प्रयोग यो विनियमावली तथा समितिका नीति निर्णयहरु बमोजिम गर्नेछ ।

## भाग ७
## घुम्ती कोष लगानी ब्याज हर्जाना र असूली

७)	गाउँ विकास कोषमा रहेको रकम घुम्तीकोषको रुपमा लगानी तथा असूली :-

(क)	कोषले सम्बन्धित वडामा गठित वडा स्तरिय घुम्तिकोष समिति, सामुदायिक विकास कोष समिति तथा अन्य समितिसंग संझौता वा साझेदारीको सहमति पत्र तयार गरी गाउँपालिका वा वडा क्षेत्र भित्रको समितलाई तोकिएको दरमा ऋण प्रवाह गर्न सक्नेछ ।

(ख)	कोषले सामुदायिक संस्थाका सदस्यहरुलाई कुनै बैंक, वित्तीय संस्थाबाट कर्जा प्रवाह गर्न ती निकायसंग सम्वन्ध स्थापित गरिदिन सक्नेछ ।

ग).	ब्याज, सेवा शुल्क र हर्जाना मिनाहा दिन सक्ने :

(१)	दैवीप्रकोप, महामारी वा अन्य यस्तै असाधारण परिस्थितिले गर्दा ऋण लिई गरेको काम सफल हुन नसकी ऋणीलाई साँवा रकम समेत घाटा हुन गएको र सो कारणले गर्दा ऋणीले ऋण चुक्ता गर्न नसक्ने परिस्थिति श्रृजना भएको कुरामा सामुदायिक संस्था, समूह विश्वस्त भै सर्वसम्मतबाट निर्णय गरी ऋणीको ब्याज, सेवा शुल्क र हर्जाना बापतको रकम मिनाहा दिने निर्णय गरी वडा समितिबाट राय सहितको सिफारिस भई निवेदन गरेमा समितिले निर्णय गरी ऋणीको ऋण रकमको ब्याज, सेवा शुल्क र हर्जाना पूरै वा आंशिक रुपमा मिनाहा दिने वा नदिने आवश्यक छानविन गरी आवश्यक सुझाव दिन सक्नेछ ,तर साँवा रकममा मिनाहा दिन पाइने छैन ।

(२)	उप-विनियम (१) बमोजिम ऋणीले सामुदायिक संस्था समूहमा ऋण रकमको ब्याज, सेवा शुल्क र हर्जाना मिनाहाको लागि निवेदन दिई सामुदायिक संस्थामा सिफारिस प्राप्त भए पछि गाउँपालिकाको तर्फबाट स्थलगत निरिक्षण गरी ऋणीको आर्थिक अवस्था र लगानी गरेको उद्यम आयोजनाको बारेमा दिएको प्रतिवेदन र सदस्य सचिवको सिफारिशको आधारमा समितिले मिनाहा दिने/नदिने निर्णय गर्न सक्नेछ ।

(३) उप विनियम (२) बमोजिम कोषले मिनाहा दिने निर्णय गरेमा सो निर्णयको जानकारी सम्बन्धित सामुदायिक संस्था, समूह तथा वडा समितिलाई गराउनेछ ।

१०

## भाग-८

## कोषको खर्च, लेखा र लेखापरीक्षण

**८). लेखा र लेखापरीक्षण :**

(१) कोषको लेखा र लेखापरीक्षण गाउँ कार्यपालिकाको कार्यालयले गरे अनुसार नै हुनेछ ।

(२) कोषमा देहाय बमोजिमका खाता रहने छ :

(क) घुम्तीकोष खाता (ऋणपुंजी खाता)

(ख) अवकास कोष खाता

(ग) कार्यक्रम संचालन खाता

(३) सामुदायिक संस्थामा ऋण प्रवाह गर्न घुम्ती कोष खाता (ऋणपूँजी खाता) संचालनमा ल्याइनेछ ।

(४) ऋणपूँजी कोषबाट प्राप्त आय कोषको संचालन तथा व्यवस्थापन गर्न एवं ऋणपूंजीको अभिबृद्धि गर्नमा उपयोग गरिनेछ ।

(५) कोषले सूचना एवं अनुगमनको लागि सामुदायिक संस्था/समूह/समितिलाईआर्थिक कारोवारको अभिलेख राख्न लगाउनेछ ।

(६) कोषको आम्दानी तथा खर्च लेखा बिधि अनुरुप राखिनेछ ।

(८) सम्बन्धित मन्त्रालय, प्रदेश सरकार, जिल्ला समन्वय समिति र गाउँपालिकाले आवश्यक ठानेका बखत कोषको लेखा जाँच गर्न सक्नेछ ।

## भाग-९

## विविध

**९. गाउँ विकास समितिले अनुगमन गर्न सक्ने :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रमा घुम्तिकोष (ऋणपुंजी) लगानी गरि संचालित कार्यक्रमहरुको नियमित अनुगमन गरी आवश्यक सुझाव

दिन सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिम अनुगमन गर्दा सम्झौता विपरित कुनै काम कारवाही भएको पाईएमा गाउँ पालिकाले सोको जानकारी कोषलाई दिई सम्झौता विपरीत भएको काम कारवाही नियमित गराउन कोषलाई अनुरोध गर्न सक्नेछ ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्रमा संचालित कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आफू संलग्न भई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

१०) प्रतिवेदनः

(१) समितिले कार्यक्रमको बार्षिक प्रगति प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्तुत गर्नेछ ।

११). अनुगमन :जिल्ला समन्वय समिति, गाउँपालिका, प्रदेश सरकार आदि निकायद्वारा कार्यक्रम अनुगमन गर्न सक्नेछ ।

११

**१२). प्रगति समिक्षाः**

गाउँ कार्यपालिकाको कार्यालयद्धारा यस कार्यक्रमतर्फको बार्षिक प्रगति प्रतिवेदन तयार गरी समिक्षाको लागि पेश गरिने छ ।

**१३). प्राविधिक सहयोग :**

गाउँ विकास कोष अन्तर्गत संचालित कार्यक्रमहरुमा प्राविधिक सहयोग उपलव्ध गराउनु सम्वन्धित बिषयगत शाखाको कर्तव्य हुनेछ ।

**१४). कोषको सुरक्षा र प्रत्याभूति :**

यस बिनियमावली बमोजिम स्थापना भएको कोषको रकम ऋणपुंजी (घुम्तिकोष) को रुपमा रहनेछ । सो रकम गाउँ विकास कार्यक्रम संचालन गर्ने सामुदायिक संस्था, समूह, समिति आदिलाई ऋण दिने र स्थानीय विकास कोष अन्तर्गत रकम सहित गाँउपालिकामा रमाना भई आउने कर्मचारीलाई अवकास हुंदाका बखत प्रदान गरिने सेवा सुविधा प्रयोजनको लागि मात्र प्रयोग हुनेछ । सो भन्दा अन्य कुनै पनि कार्यमा प्रयोग गर्न पाइने छैन । कोषको सुरक्षा गर्ने प्रमुख दायित्व गाँउपालिकाको हुनेछ ।

**१५) विनियमावली बमोजिम हुने :**

यस बिनियमावलीमा लेखिए जति कुराको हकमा यसै बिनियमावली बमोजिम हुनेछ र अन्य कुराको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

क). बिनियमावलीमा संशोधन :

(१) यो बिनियमावलीमा संशोधन गर्नु परेमा कोषले सोको मस्यौदा तयार गरी गाउँ कार्यपालिकामा प्रस्तुत गर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम प्राप्त मस्यौदामा आवश्यक छलफल गरी गाउँ कार्यपालिकाले आवश्यक परिमार्जन सहित गाउँ सभामा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(३) गाउँ सभाले उप-विनियमम (२) बमोजिम प्राप्त भएको मस्यौदालाई यथावत रुपमा वा संशोधन सहित स्वीकृत गर्न सक्नेछ । तर विनियमावली संशोधन अधिकार प्रत्यायोजनद्वारा हुनेछैन ।

(४) यो बिनियमावलीको संशोधन गर्दा गाउँ कार्यपालिकाबाट पारित भएपछि मात्र लागू हुनेछ ।

**१६). निर्देशिका बनाउन सक्ने :**

(१) कोषलेयस बिनियमावलीकोउद्देश्य अनुरुप काम गर्न आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२) उप-विनियम (१) बमोजिमको निर्देशिकाको कार्यान्वयन गर्नु गाउँपालिका, वडा समिति, सामुदायिक संस्था,समूह, समिति आदिको कर्तव्य हुनेछ ।

(३) निर्देशिकामा अन्य कुराको अलावा ऋणपुँजीको साँवा किस्ता, ब्याज, सेवा शुल्क र हर्जाना बुझाउने प्रक्रिया, कोषको खरिद र बिक्री व्यवस्था, प्रशासनिक खर्च तथा कोषको रकम खर्च गर्ने र अनुदान प्राप्त गर्ने कार्यविधि, अनुदान कार्यान्वयन गर्ने तरिका तथा आवश्यक ढाँचा निर्धारण गर्न सकिनेछ ।

१२

**(१७) कार्यक्रम संचालन तथा विस्तार गर्न सकिने :**

यस गाँउपालिका अन्तर्गत साविकमा गाउँ विकास कार्यक्रम संचालन

भएका वडा १ र २ (साविक दोभान र कचल गा.वि.स.) मा संचालित कार्यक्रमलाई निरन्तरता दिने र औचित्य, स्थानीय समुदायको माग, आवश्यकता तथा कोषको अवस्था अनुसार अन्य वडाहरुमा पनि विस्तार गर्न सकिनेछ ।

**(१८) कार्यक्रम एकीकरण र समायोजन :**

नेपाल सरकार तथा अन्य निकायद्वारा यस तिनाउ गाँउपालिकामा संचालित समान उद्धेश्य र एउटै प्रकृतिको कार्यक्रमहरुलाई यस कोष अन्तर्गत समायोजन, एकीकरण गर्नसकिनेछ र त्यस कार्यक्रमको सम्पत्ति तथा दायित्व समेत यसै कोषमा गाभिनेछ ।

१३

प्रमाणीकरण मितिः २०७५/०३/२७

आज्ञाले

(ज्ञानु प्रसाद पनेरु)

प्रमुख प्रशासकीय अधिकृत